घरपझोङ गाउँपालिका

# गाउँ कार्यपालिकाको ४३औं बैठकको निर्णयहरु

मिति २०८२।०१।३१

**प्रस्ताव नं. १ :-**

अघिल्लो बैठकको निर्णय कार्यान्वयनको समिक्षा सम्बन्धमा ।

**निर्णय नं. १ :-**

यस गाउँ कार्यपालिकाको मिति २०८१।१२।२२ गते बसेको ४२औं बैठकमा जम्मा २१ वटा निर्णयहरु भएको थियो । १ कैमाङ खोला ठिनी सिंचाई निर्माण आयोजनाको DPR तयार गर्ने, २) इलेक्ट्रिक सेनिटरी प्याड डिस्पोजल मेसिन खरिद र ३) १ नं. वडाको सी.सी.टी.भी. सिस्टम मर्मत गर्ने कार्यहरु प्रक्रियामा रहेको र अन्य सवै निर्णयहरु कार्यान्वयनमा गई सकेको व्यहोरा जानकारी भयो ।

**प्रस्ताव नं. २ :-**

श्री जनवाल मा.वि. मार्फाको माटो परीक्षण र डि.पि.आर.प्रस्तुतिकरण सम्बन्धमा ।

**निर्णय नं. २ :-**

यस घरपझोङ गाउँपालिका मार्फामा अवस्थित श्री जनवाल मा.वि. मार्फाको माटो परीक्षण सहितको डि.पि.आर. तयार गर्ने जिम्मा पाएका Engineering and Planning Consultancy, Imadol, Lalitpur का Engineer Ranjit Lalchan बाट DPR को प्रस्तुतिकरण सम्पन्न भयो । परामर्शदाताबाट पेश भएको श्री जनवाल मा.वि. मार्फाको माटो परीक्षण सहितको डि.पि.आर. स्वीकृत गर्ने सर्वसम्मत निर्णय गरियो ।

**प्रस्ताव नं. ३ :-**

योजनाहरुको म्याद थप सम्बन्धमा ।

**निर्णय नं. ३ :-**

यस गाउँपालिकाको चालु आ.ब. मा निर्माण व्यवसायीहरुबाट सञ्चालनमा रहेका तपसिलका योजनाहरुको निम्नानुसार म्याद थप गर्ने सर्वसम्मत निर्णय गरियो साथै कार्यपालिकाको पूर्व निर्णय अनुसार उपभोक्ता समितिहरु मार्फत सञ्चालन हुने रु.५,००,०००।- सम्मका योजनाहरुको सम्पन्न गर्नुपर्ने म्याद मंसिर मसान्त सम्म रहेकोमा विभिन्न कारणवश तपसिलका योजनाहरु समयमा सम्पन्न हुन नसकेको र सम्झौतामा उल्लेख भएका सम्पन्न गरिसक्नु पर्ने समयावधि भन्दा पछि भुक्तानीका लागि पेश भएका तपसिल अनुसारका योजनाहरुको कार्यसम्पन्न प्रतिवेदनमा उल्लेख भएका समय सम्मको म्याद थप गरी भुक्तानी दिने सर्वसम्मत निर्णय गरियो ।

तपसिल :-

**१) निर्माण व्यवसायीहरुबाट सञ्चालन मा रहेका योजनाहरु :**

| सि.नं. | योजनाको नाम | निर्माण व्यवसायीको नाम | म्याद थप | कैफियत |
|---|---|---|---|---|
| १ | मार्फा-छैरो जाने बेलीबृज निर्माण योजना घरपझोङ-१ छैरो | रबि चक्र निर्माण सेवा एण्ड सप्लायर्स प्रा.लि. खत्याङ-३, मुगु | २०८२ असार १५ गते सम्म | |

निर्णय प्रमाणित

०८२।०२।०९

घरपझोङ गाउँपालिका
गाउँ कार्यपालिकाको कार्यालय
जोमसोम, मुस्ताङ
गण्डकी प्रदेश, नेपाल

| | | | | |
|---|---|---|---|---|
| २ | मुक्तिनाथ अन्नदान क्षेत्र अतिथि भवन पूर्वाधार घरपझोङ-४ मुस्ताङ | दुई भाई निर्माण सेवा प्रा.लि. स्याङ मुस्ताङ | २०८२ असार १२ गते सम्म | |

**१) उपभोक्ता समितिबाट सञ्चालन भएका योजनाहरु :**

| सि.नं. | योजनाको नाम | निर्माण व्यवसायीको नाम | कैफियत |
|---|---|---|---|
| १ | किरिया घर निर्माण योजना, ठिनी | किरिया घर निर्माण योजना उपभोक्ता समिति, ठिनी | |
| २ | दलित समुह भवनमा ढल निकास तथा व्यवस्थापन गर्ने जोमसोम | दलित समुह भवनमा ढल निकास तथा व्यवस्थापन गर्ने उपभोक्ता समिति जोमसोम | |
| ३ | आमा समुहको भवन अगाडी आंगन मर्मत तथा स्लेव निर्माण योजना | आमा समुहको भवन अगाडी आंगन मर्मत तथा स्लेव निर्माण योजना उपभोक्ता समिति, मार्फा | |
| ४ | मितेरी पार्कमा विभिन्न पर्यटन पूर्वाधार निर्माण तथा मर्मत योजना | मितेरी पार्कमा विभिन्न पर्यटन पूर्वाधार निर्माण तथा मर्मत योजना, मार्फा | |
| ५ | मार्फा गाउँ विभिन्न ठाउँहरुमा स-साना पार्क निर्माण | मार्फा गाउँ विभिन्न ठाउँहरुमा स-साना पार्क निर्माण, मार्फा | |
| ६ | मार्फा गाउँमा फोहरमैला व्यवस्थापन योजना | मार्फा गाउँमा फोहरमैला व्यवस्थापन योजना, मार्फा | |

**प्रस्ताव नं. ४ :-**

नीजि साझेदारीमा यातायात सेवा सञ्चालन एवम् प्रवर्द्धन कार्यक्रम, २०८२ सम्बन्धमा (विद्युतिय अटोरिक्सा) ।

**निर्णय नं. ४ :-**

यस गाउँपालिकाको चालु आ.ब. को स्वीकृत कार्यक्रम तिन पाङ्ग्रे इलेक्ट्रिक अटोरिक्सा खरिद तथा अनुदान कार्यक्रम सञ्चालन गर्नका लागि कार्यालयबाट तयार भएको "निजी साझेदारीमा यातायात सेवा सञ्चालन एवं प्रवर्द्धन कार्यक्रम, २०८२" स्वीकृत गर्ने सर्वसम्मत निर्णय गरियो ।

**प्रस्ताव नं. ५ :-**

जोमसोम क्रियाघर निर्माणको रकम भुक्तानी सम्बन्धमा ।

**निर्णय नं. ५ :-**

यस घरपझोङ गाउँपालिकाबाट निर्माण सामाग्रीहरु उपलब्ध गराई सशस्त्र प्रहरी बल नेपाल, ३३ नं. गुल्म हे.क्वा. मुस्ताङको जनशक्ति सहयोगबाट निर्माण सम्पन्न भएको जोमसोम क्रिया घर निर्माणको लागि प्रयोग भएको निर्माण सामाग्रीहरुको रु.१,११,९९५।- बिल पेश भएको हुँदा, प्राविधिकको कार्य सम्पन्न प्रतिवेदन बमोजिम भुक्तानी दिने सर्वसम्मत निर्णय गरियो ।

निर्णय प्रमाणित

०८२।०२।०९

घरपझोङ गाउँपालिका
गाउँ कार्यपालिकाको कार्यालय
जोमसोम, मुस्ताङ
गण्डकी प्रदेश, नेपाल

**प्रस्ताव नं. ६ :-**
बालमैत्री स्थानीय शासन प्रवर्द्धन कार्यक्रम कार्यान्वयन सम्बन्धमा ।

**निर्णय नं. ६ :-**
यस घरपझोङ गाउँपालिकाको स्वीकृत कार्यक्रम अनुसार "बालमैत्री स्थानीय शासन
चालु आ.ब. को यस घरपझोङ गाउँपालिकाको स्वीकृत कार्यक्रम अनुसार "बालमैत्री स्थानीय शासन
प्रवर्द्धनको लागि विद्यालयमा अपाङमैत्री बालमैत्री फर्निचर, खेलमैदान तथा खानेपानी धारा व्यवस्थापनको
लागि विनियोजन भएको रु.१०,००,०००।- बाट विद्यालयहरुको आवश्यक्ता तथा बालमैत्री स्थानीय
शासनका सूचनाहरुमा सहयोग पुग्ने तपसिल बमोजिमका निर्माण कार्य गर्न तथा आवश्यक्ता अनुसारका
फर्निचारहरु खरिद गर्नका लागि बजेटको बाँडफाँड गरी कार्यक्रम सञ्चालन गर्ने सर्वसम्मत निर्णय
गरियो ।

<u>तपसिल :-</u>

१) विद्यालयमा बालमैत्री खानेपानी धाराहरु निर्माण गर्ने : रु.१,८०,०००।-
२) विद्यालयमा बालमैत्री फर्निचर खरिद गर्ने : रु.८,२०,०००।-

**प्रस्ताव नं. ७ :-**
स्याङको सार्वजनिक शौचालय निर्माण सम्बन्धमा ।

**निर्णय नं. ७ :-**
यस गाउँपालिका ३ नं. वडा स्याङमा निर्माण भएको छेकोङ स्थित साउना बाथ नजिक सम्बन्धित वडा
कार्यालयलेनै सञ्चालन तथा व्यवस्थापन गर्नेगरी सार्वजनिक शौचालय निर्माण गरिदिनका लागि अनुरोध
भएको साथै उक्त ठाउँमा एक वटा सार्वजनिक शौचालयको आवश्यकता समेत देखिएकोले प्राविधिकबाट
पेश भएको लागत ईस्टिमेट रु.७,००,०००।- बजेटको परिधि भित्र रही सार्वजनिक शौचालय निर्माण गर्ने
सर्वसम्मत निर्णय गरियो ।

**प्रस्ताव नं. ८ :-**
वडाबाट ग्याविनको माग सम्बन्धमा ।

**निर्णय नं. ८ :-**
३ नं. वडा कार्यालय स्याङबाट स्याङ खोला किनारा/नजिक रहेका खेतीयोग्य जमिनहरुमा क्षति
पुऱ्याएको र वडा कार्यालयबाट समेत सिफारिस प्राप्त भएको हुँदा उक्त क्षेत्रहरुको संरक्षणका लागि
प्राविधिकको राय बमोजिम २X१X१ को ४३ थान ग्याबिन बक्स उपलब्ध गराउने साथै चिमाङ जाने
कच्ची मोटर बाटोको ठाउँ ठाउँमा बर्षाको पानीले क्षति पुऱ्याउन सक्ने स्थानहरुमा पहिरो रोकथाम
गर्नका लागि आवश्यक पर्ने ग्याबिन बक्स स्थानीय उपभोक्ताले भर्ने गरी उपलब्ध गराउने सर्वसम्मत
निर्णय गरियो ।

निर्णय प्रमाणित ।

०८२।०२।०९

घरपझोङ गाउँपालिका
गाउँ कार्यपालिकाको कार्यालय
जोमसोम, मुस्ताङ
गण्डकी प्रदेश, नेपाल

नगर विकास कोषमा पर्यटकीय गन्तव्य पहिचान सम्बन्धी डि.पि.आर. निर्माण सहयोग सम्बन्धी ।

**निर्णय नं. ९ :-**

यस गाउँपालिका क्षेत्र भित्र पर्यटन विकासको प्रचुर सम्भावना रहेको भएता पनि पर्यटकीय क्षेत्रहरुको विस्तृत पहिचान र विकास हुन नसकेको हुँदा यस गाउँपालिका भित्र रहेका पर्यटकीय क्षेत्रहरुको पहिचान गरी DPR तयार गर्न सहयोग गरिदिनका लागि नगर विकास कोष, काठमाण्डौमा अनुरोध गर्ने सर्वसम्मत निर्णय गरियो साथै यस गाउँपालिका क्षेत्र भित्र पर्यटन प्रवर्द्धनका लागि ढुङ्गाका आकृतिहरुको निर्माण गर्ने सम्भावना अध्ययन गर्न साथै पहिचान भएका ढुङ्गाका आकृति तयार गर्नका लागि आवश्यक सहयोगका लागि ललितकला प्रज्ञा प्रतिष्ठान, काठमाण्डौमा अनुरोध भएको बारे जानकारी भयो ।

**प्रस्ताव नं. १० :-**

लोमन्थाङ अन्तराष्ट्रिय मिडिया समिट, २०२५ को लागि सहयोग सम्बन्धी ।

**निर्णय नं. १० :-**

गण्डकी अन्चलको विशेष गरी पोखरा र मुस्ताङ जिल्लाको पर्यटन प्रवर्द्धनका लागि मिति २०८२ साल बैशाख २६-३० (9th-13th May 2025) सम्म सञ्चालन भएको लोमन्थाङ अर्न्तराष्ट्रिय मिडिया समिट, २०२५ को सन्दर्भमा यस गाउँपालिकाको पुथाङ सामुदायिक हलमा मिति २०८२।१।३० गते सञ्चालन भएको अन्तरक्रिया कार्यक्रमबाट यस घरपझोङ गाउँपालिकाको पर्यटन क्षेत्रको प्रचारप्रसार भई पर्यटन प्रवर्द्धनमा समेत सहयोग पुग्ने हुँदा अन्तरक्रिया कार्यक्रमको लागि भेला हुनु भएका स्वदेशी तथा विदेशी पाहुना पत्रकारहरुको एक रातको बास र खाना खर्च वापतको रकम जम्मा रु.१,२८,७००।- बसाई व्यवस्थापन भएको मार्फा स्थित विभिन्न होटलहरुलाई पर्यटन प्रवर्द्धन कार्यक्रम शिर्षकबाट भुक्तानी दिने सर्वसम्मत निर्णय गरियो ।

**प्रस्ताव नं. ११ :-**

वडा कार्यालयहरुको पावर ब्याकअप सम्बन्धी ।

**निर्णय नं. ११ :-**

यस कार्यपालिकाको मिति २०८१।१२।२२ गते बसेको कार्यपालिका बैठकको निर्णय अनुसार गाउँपालिकाको ५वटै वडा कार्यालयहरुको प्राविधिकबाट स्थलगत अध्ययन अवलोकन गरी प्रतिवेदन पेश भएको र वडा कार्यालयहरुको पावर ब्याकअपको अवस्थाको बारेमा जानकारी भयो । लगभग सबै वडा कार्यालयहरुमा पावर ब्याकअपको रुपमा रहेका ब्याट्रीहरु, कहीं सोलर प्यानल फुटेको र वाईरिङलाई दुरुस्त गर्नु पर्ने अवस्था रहेको हुँदा छुट्टै कार्यक्रम बनाई लागु गर्नु पर्ने सर्वसम्मत निर्णय गरियो ।

निर्णय प्रमाणित ।

०८२।०२।०९

घरपझोङ गाउँपालिका
गाउँ कार्यपालिकाको कार्यालय
जोमसोम, मुस्ताङ
गण्डकी प्रदेश, नेपाल

**प्रस्ताव नं. १२ :-**

पर्यटन प्रवर्द्धन कार्यक्रम सम्बन्धमा ।

**निर्णय नं. १२ :-**

यस घरपझोङ गाउँपालिकाको पर्यटन विकासको लागि पर्यटकीय क्षेत्रहरुको पहिचान तथा प्रचार प्रसार समेत गर्न आवश्यक देखिएको हुँदा पर्यटन प्रवर्द्धनमा सहयोग हुने गरी यही मिति २०८२ जेठ १६ गते गाउँपालिका क्षेत्र परिक्रमा गर्ने गरी साईकल तथा घोडा ऱ्यालीको आयोजना गर्ने सर्वसम्मत निर्णय गरियो । साईकल ऱ्यालीको समन्वय तथा सहजिकरण गरिदिनका लागि Cycle City Pokhara लाई अनुरोध गर्ने र घोडा सवारीका लागि कार्यालयबाट समन्वय र सूचना गर्ने साथै ऱ्यालीको कार्यक्रम सञ्चालनको लागि कार्यालयबाट प्रस्तावना तयार गर्ने र हुने भनी प्रस्ताव गरिएको खर्च पर्यटन प्रवर्द्धन कार्यक्रम शिर्षकबाट गर्ने सर्वसम्मत निर्णय गरियो । साथै खर्चको विवरण आगामी गाउँ कार्यपालिकाको वैठकमा जानकारी गराउने समेत सर्वसम्मत निर्णय गरियो ।

**प्रस्ताव नं. १३ :-**

ठिनी खोला पुल मर्मत भुक्तानी सम्बन्धमा ।

**निर्णय नं. १३ :-**

पर्यटकहरुको सवारी साधनको आवतजावतको चाप बढे लगतै जिर्ण बन्दै गएको ठिनी खोलामा रहेको ट्रस पुलको काठहरु कुहिएको र उक्किएको हुँदा सम्भावित जोखिम हुन नदिनकां लागि तुरुन्तै मर्मत गरी सवारी साधन सुचारु भएको हुँदा उक्त पुल मर्मत गर्दा खर्च भएको रकम रु.४३,०९४।- निर्मित सार्वजनिक सम्पत्तिको मर्मत संभार खर्च शिर्षकबाट भुक्तानी दिने सर्वसम्मत निर्णय गरियो ।

**प्रस्ताव नं. १४ :-**

विद्युत तथा सी.सी. टि.भी. मर्मतको लागि प्राविधिक परामर्श सम्बन्धमा ।

**निर्णय नं. १४ :-**

यस गाउँ कार्यपालिकाको कार्यालय भवन र गाउँपालिकाको स्वामित्वका सामुदायिक भवनहरु, वडा कार्यालय भवन, स्वास्थ्य संस्थाका भवनहरु लगायत गाउँपालिकाले रेखदेख गर्नु पर्ने सार्वजनिक भवनहरु, गुम्बाहरु, मन्दिर तथा विद्यालयहरु र गाउँपालिकाले जडान गरेका सी.सी.टि.भी. सिस्टममा आई पर्ने समस्याहरुको समाधान गर्ने कार्य गर्नका लागि परामर्श सेवा लिनका लागि यस कार्यालयबाट मिति २०८१।११।१५ गते प्रकाशन भएको सार्वजनिक सूचना अनुसार कार्यालयको आवश्यकता अनुसार कुनै पनि गोप्य प्रस्ताव पेश हुन नआएकोले बार्षिक रु.१,००,०००।- परामर्श शुल्कमा प्राविधिक परामर्श सेवा दिन ईच्छुक व्यक्तिसँग सम्पर्क गरी परामर्श तथा अन्य सेवा शुल्क शिर्षकबाट निजलाई बार्षिक रु.१,००,०००।- उपलब्ध गराउने गरी निज सँग सम्झौता गरी प्राविधिक परामर्श सेवा लिने सर्वसम्मत निर्णय गरियो ।

निर्णय प्रमाणित

०८२।०२।०९

घरपझोङ गाउँपालिका
गाउँ कार्यपालिकाको कार्यालय
जोमसोम, मुस्ताङ
गण्डकी प्रदेश, नेपाल

**प्रस्ताव नं. १५ :-**

उर्जा प्रभावकारी भवन निर्माण स्वीकृति सम्बन्धी कार्यविधि, २०८२ सम्बन्धमा ।

**निर्णय नं. १५ :-**

यस घरपझोङ गाउँपालिका हिमाली क्षेत्रमा पर्ने र गाउँपालिका क्षेत्र भित्र निर्माण हुने सबै किसिमका भवनहरुलाई चीसोको समयमा पनि वातावरण अनुकुल हुने गरी निर्माण गर्नका लागि उर्जा प्रभावकारी भवन निर्माण स्वीकृति सम्बन्धी कार्यविधि, २०८२ स्वीकृत गर्ने सर्वसम्मत निर्णय गरियो ।

**प्रस्ताव नं. १६ :-**

योजना छनौट सम्बन्धमा ।

**निर्णय नं. १६ :-**

पर्यटन तथा उद्योग कार्यालय, मुस्ताङको च.नं.१६८ मिति २०८२।१।९ गतेको पत्रको सम्बन्धमा छलफल हुँदा तपसिल बमोजिमका योजनाहरु छनौट गरी पठाउने सर्वसम्मत निर्णय गरियो ।

**तपसिल :-**

| प्रा.क.सं. | योजनाको नाम | ठेगाना वडा नं./टोल/स्थान | अनुमानित रकम रु. |
|---|---|---|---|
| १ | इको म्यूजियममा आवश्यक पर्यटन पूर्वाधार निर्माण | घरपझोङ गा.पा. ३ नं. वडा पुथाङ | रु.२०,००,०००।- |
| २ | छैरो छहरामा पर्यटन पूर्वाधार निर्माण | घरपझोङ गा.पा. १ नं. वडा, छैरो | रु.२०,००,०००।- |

**प्रस्ताव नं. १७ :-**

विभिन्न पत्रहरुका सम्बन्धमा ।

**निर्णय नं. १७ :-**

सङ्घीय मामिला तथा सामान्य प्रशासन मन्त्रालयको च.नं.१६२ मिति २०८२।१।१४ गतेको पत्र र सृष्टि फाउन्डेसनको मिति २०८२।१।३ गतेको पत्रहरुमा उल्लेख भएका व्यहोराहरुको बारेमा जानकारी भयो

निर्णय प्रमाणित ।

०८२।०२।०१

घरपझोङ गाउँपालिका
गाउँ कार्यपालिकाको कार्यालय
जोमसोम, मुस्ताङ
गण्डकी प्रदेश, नेपाल